नेपाली · NEPALI

# न्यूयोर्क राज्यको समुदाय टुलकिट

आप्रवासी न्यूयोर्कवासीहरूको लागि संसाधन निर्देशिका
मार्च / अप्रिल 2022



**New York Immigration Coalition**
nyic.org

न्यूयोर्क इमिग्रेशन कोलिसनले यो टुलकिट समुदायका सदस्यहरू र हाम्रा साझेदार तथा उनीहरूसँग काम गर्ने सहयोगीको लागि संसाधन उपलब्ध गराउन विकास गरेको छ। यो टुलकिट नियमित रूपमा परिवर्तन हुने कानून र नीतिहरूमा आधारित हुन्छ।

पछिल्लो पटक अद्यावधिक गरिएको जानकारी : 03.21.2022

## विषयवस्तुहरू


- स्वास्थ्य **3**
- अध्यागमन **5**
- शिक्षा **7**
- प्रजातन्त्र **9**
- अर्थव्यवस्था **10**
- आफ्ना अधिकारहरू थाहा पाउनुहोस् **11**
- घृणा अपराधहरू **12**
- NYS संसाधनहरू **13**

# स्वास्थ्य 1/2

**COVID-19 को अपडेटहरू**

- फेब्रुवरी 10, 2022 देखि लागू हुने गरि, राज्यव्यापी रुपमा इनडोर व्यावसायिक मास्क-वा-खोपको आवश्यकता हटाइयो। यो व्यवसाय, स्थानीय सरकार र काउन्टीहरूको लागि ऐच्छिक रहनेछ।
- अस्पताल, नर्सिंग होम, सेल्टर, यातायात, र संघीय नियमहरू बमोजिम अन्य ठाउँहरूमा मास्क अझै पनि आवश्यक हुनेछ।
- सबै आन्तरिक र अन्तर्राष्ट्रिय यात्रीहरूले CDC यात्राका सबै आवश्यकताहरू पालना गर्न जारी राख्नुपर्छ: cdc.gov/coronavirus/2019-ncov/travelers
- डिसेम्बर 27, 2021 देखि शुरु हुने गरि, न्यूयोर्क शहरका निजी क्षेत्रका व्यवसायहरूमा सबै कर्मचारीहरूले COVID-19 खोपको कम्तीमा एक डोज प्राप्त गरेको हुनुपर्नेछ। यो नीतिको बारेमा थप जानकारीको लागि, nyc.gov/vaxtowork मा जानुहोस्।

**घरमै नि:शुल्क COVID-19 टेस्टहरू पाउनुहोस्**

- अमेरिकामा प्रत्येक घरपरिवारले USPS द्वारा तपाईंलाई डेलिभर गरेको 4 वटा नि:शुल्क घरमै COVID-19 टेस्टहरू प्राप्त गर्न योग्य छ। बीमा वा अध्यागमन स्थिति जेसुकै भए पनि टेस्टहरू नि:शुल्क छन्।
  - आफ्नो नि:शुल्क टेस्ट कीटहरू COVIDtests.gov मा अहिले नै अर्डर गर्नुहोस्
- जनवरी 15 देखि शुरु भई, स्वास्थ्य योजना भएका धेरैजसो मानिसहरू अनलाइन, वा फार्मेसी वा स्टोरमा गएर घरमै COVID-19 टेस्टहरू (प्रति महिना 8 वटा सम्म) प्रतिपूर्ति मार्फत वा तिनीहरूको बीमा मार्फत नि:शुल्क खरिद गर्न सक्छन्।
  - थप जानकारीको लागि, cms.gov/how-to-get-your-at-home-OTC-COVID-19-test-for-free मा जानुहोस्

**आजै खोप लगाउनुहोस्**

- न्यूयोर्क राज्यमा COVID-19 खोप लगाउन कहिल्यै सजिलो भएको छैन। 5 वर्ष वा माथिको जोसुकै पनि खोपको लागि योग्य छन्। बूस्टर डोजहरू 12 वर्ष र माथिका सबैको लागि उपलब्ध छ।
- इमिग्रेशन वा बीमा कभरेजको स्थिति जेसुकै भए तापनि, COVID-19 को खोपहरू नि:शुल्क छन्।
- खोपहरू फार्मेसीहरू, स्थानीय स्वास्थ्य विभागहरू, क्लिनिकहरू, संघीय योग्यता प्राप्त स्वास्थ्य केन्द्रहरू, र न्यूयोर्क राज्य भरिका अन्य स्थानहरूमा व्यापक रूपमा उपलब्ध छन्।
  - Vaccines.gov मा जानुहोस्, आफ्नो जिप कोड 438829 मा टेक्स्ट गर्नुहोस्, वा 1-800-232-0233 (TTY 888-720-7489) मा फोन गर्नुहोस्।
  - न्यूयोर्क राज्य सामुहिक खोप साइटहरू ny.gov/vaccine मा अपोइन्टमेन्टहरू खोज्नुहोस्
  - धेरै स्थानीय स्वास्थ्य विभागहरूले बिना अपोइन्टमेन्टका खोप क्लिनिकहरू वा घरमै खोपको प्रस्ताव गरिरहेका छन्। nysacho.org/directory मा तपाईंको स्थानीय स्वास्थ्य विभागको सम्पर्क जानकारी पाउनुहोस्।




# स्वास्थ्य 2/2



**COVID-19 रोकथामका सुझावहरू**


- खोप लगाउनुहोस् र बुस्ट हुनुहोस्।
  - COVID-19 को कुनै पनि मामिलाले गाह्रो लक्षणहरू, अस्पताल भर्ना र दीर्घकालीन स्वास्थ्य प्रभावहरू निम्त्याउन सक्छ । खोप नलाएका मानिसहरूलाई गम्भीर रोग लाग्ने सम्भावना धेरै हुन्छ।
- मास्क लगाउनुहोस्
  - खोपको स्थिति थाहा नभएको सार्वजनिक इनडोर सेटिङहरूमा फेस मास्क लगाउने कुरामा विचार गर्नुहोस्।
  - सर्जिकल मास्कको साथमा KN95, KF94, N95, वा कपडाको मास्क सहित उच्च गुणस्तरको मास्कहरूमा स्तरवृद्धि गर्नुहोस्।
  - गम्भीर रोगको उच्च जोखिममा रहेका, 65 वर्षभन्दा माथिका वा खोप नलगाएका मानिसहरूले सुरक्षाको यो थपिएको तहबाट सबैभन्दा बढी फाइदा लिन सक्नेछन्।
- जाँच गराउनुहोस्
  - यदि तपाईमा लक्षणहरू भएमा वा हालै सम्पर्कमा आएको भएमा जाँच गराउनुहोस्। खोप नलगाएका मानिसहरूले बारम्बार जाँच ग
- बिरामी भएमा वा हालै सम्पर्कमा आएमा घरमै बस्नुहोस्
  - फेस मास्क लगाउने सहित सबै आइसोलेसन र क्वारेन्टाइनका निर्देशनहरूको पालना गर्नुहोस्। COVID-19 अत्यधिक संक्रामक छ। लक्षण नदेखिए पनि तपाईंले COVID-19 फैलाउन सक्नुहुन्छ।
- आफ्नो हातहरू धुनुहोस्
  - कम्तीमा 20 सेकेन्डसम्म साबुन र पानीले बारम्बार आफ्नो हातहरू धुनुहोस् वा ह्यान्ड सेनिटाइजरको प्रयोग गर्नुहोस्।



**NY हिरो ऐन (NY HERO Act)**

- न्यूयोर्क स्वास्थ्य र अत्यावश्यक अधिकार ऐन मे 5, 2021 मा कानूनी रुपमा हस्ताक्षर गरिएको थियो। यसमा कर्मचारीहरूलाई COVID-19 जस्ता रोगहरूको सम्पर्कबाट जोगाउनको लागि न्यूयोर्क राज्यको श्रम विभागले नमुना वायुजन्य संक्रामक रोगको सम्पर्क योजना बनाउनुपर्ने हुन्छ।
- सेप्टेम्बर 6, 2021 मा, गभर्नर होचुलले HERO ऐन अन्तर्गत COVID-19 लाई हावाको माध्यमबाट हुने संक्रामक रोगको रूपमा तोकिएको घोषणा गर्नुभयो । यो तोकिएको लागि सबै रोजगारदाताहरूले कार्यस्थल सुरक्षा योजनाहरू लागू गर्नुपर्नेछ।
  - रोजगारदाताहरूद्वारा अपनाईएको योजनाहरू सहित कर्मचारीको स्वास्थ्य स्क्रीनिंग, मास्क लगाउने र सामाजिक दूरीको आवश्यकताहरू, कार्यस्थलको स्वच्छ स्टेशनहरू, कार्यस्थलमा सरसफाईको प्रोटोकल, क्वारेन्टाइन प्रोटोकल, र हावाको वहाव प्रविधिको निर्माण सहित तर यसमा सीमित नरहने गरि विभिन्न सुरक्षा उपायहरूलाई सम्बोधन गर्नुपर्छ।
  - रोजगारदाताहरूले सबै कर्मचारीहरूलाई आफ्नो कार्य सुरक्षा योजनाको वितरण गर्नुपर्ने र प्रत्येक कार्यस्थलभित्र देखिने र प्रमुख स्थानमा पोस्ट गर्नुपर्नेछ।
  - साथै, कानूनले कर्मचारीहरूलाई यी योजनाहरू पालना गर्ने आवश्यकताहरूको प्रतिरोध गर्न, उनीहरूको रोजगारदाताले कानूनको कार्यान्वयन गर्ने बारेमा चिन्ताको रिपोर्टिंग गर्न, वा काम गर्न अस्वीकार गर्नबाट जोगाउँछ।
- सबै निजी क्षेत्रका रोजगारदाता र कामदारहरू समेटिएका छन्।
- नोभेम्बर 1 देखि, निजी क्षेत्रका कर्मचारीहरू (10 जना वा बढी कर्मचारीहरू भएका कम्पनीहरूमा काम गर्ने) लाई COVID-19 सम्बन्धी मामिलाहरूमा मात्र होइन, कुनै पनि कार्यस्थलको स्वास्थ्य र सुरक्षा समस्या नीतिलाई सम्बोधन गर्नको लागि श्रमिक समितिहरू बनाउन अनुमति दिइनुपर्नेछ।
- मोडल योजनाहरू र HERO ऐनको कार्यान्वयनको अपडेट dol.ny.gov/ny-hero-act मा पाउन सकिन्छ।

# आप्रवास 1/2



**हैटीका आप्रवासीहरूको लागि स्रोतहरू**

- डिसेम्बर 22 मा, न्यूयोर्क सिटी मेयरको आप्रवासी मामिला आयुक्त कार्यालय (New York City Mayor’s Office of Immigrant Affairs Commissioner) ले भर्खरै आएका हैटियनहरूलाई आप्रवासी कानूनी सहयोग र सामाजिक सेवाहरूमा पहुँच गर्नको लागि सहयोग गर्नको लागि शहरले $1.5 मिलियन कोष उपलब्ध गराउने घोषणा गर्‍यो छ।
- न्यूयोर्क शहरमा रहेका हैटी समुदायको लागि सहयोग सेवा स्रोतहरूको सूचीको लागि, on.nyc.gov/3y6bo2Z मा जानुहोस्
  - यो स्रोत on.nyc.gov/334dJQx मा धेरै भाषाहरूमा उपलब्ध छ

**अफगानी शरणार्थी र परोलमा छुट्नेहरूको लागि संसाधनहरू**

- सेप्टेम्बर 30 मा, राष्ट्रपति बिडेनले निम्न सहित अफगानी शरणार्थी र परोलमा छुट्नेहरूलाई सहयोग गर्ने प्रावधानहरू समावेश भएको निरन्तर प्रस्तावमा कानूनमा हस्ताक्षर गर्नुभयो:
  - अफगानी “मानवीय परोलमा छुट्नेहरू” लाई स्वागत गर्ने, प्लेसमेन्ट सहयोग र खानाको सहयोग जस्ता शरणार्थी पुनर्वास सेवाहरू र लाभहरू प्राप्त गर्न योग्य बनाउने
  - संघीय सरकारलाई अफगानी परोलमा छुट्नेहरूको शरणको लागि आवेदनहरूमा छिटो विचार गर्नुपर्ने
  - अफगानी परोलमा छुट्नेहरूलाई REAL ID भएको चालक अनुमतिपत्र र पहिचान पत्रको लागि योग्य बनाउने
- संघीय सरकारको स्रोतहरू:
  - अफगानहरूका लागि USCIS को सार्वजनिक निर्देशन: uscis.gov/humanitarian/information-for-afghans
  - अङ्ग्रेजी, दारी र पश्तोमा “अफगान विशेष आप्रवासी भिसा धारकहरू र परोलीहरूसँग सम्बन्धित रोजगारको जानकारी”: justice.gov/crt/worker-information
  - शरणार्थी पुनर्वास कार्यालयद्वारा संकलन गरिएको संघीय सरकार भरि अफगान सहयोगका स्रोतहरू: acf.hhs.gov/orr/programs/refugees/afghan-assistance-resources
- पुनर्वास संसाधनहरू :
  - न्यूयोर्क राज्य – I-ARC को अफगान पुनर्वास परियोजना : immigrantarc.org/afghanistan
  - न्यूयोर्क शहर – दारी र पश्तोमा उपलब्ध शहरी सेवाहरूको रोडम्याप सहित : nyc.gov/afghanistanresources
  - पश्चिमी न्यूयोर्क – अफगानी निकास भएकाहरूको लागि बफेलो संयुक्त : wnyrac.org
  - अल्बानी / राजधानी क्षेत्र – संसाधन सूची : bit.ly/3kvWRZd
  - इथाका / फिङ्गर लेक्स क्षेत्र – कोर्नेल अफगानिस्तान संसाधन सूची : bit.ly/3CwfFxy
- अफगानिस्तानबाट निकासीको आवश्यकता भएका मानिसहरूको पहिचानको लागि मानव अधिकार पहिलो डाटा सङ्कलन फारम: humanrightsfirst.org/afghan-evacuation

**DACA को रोकिएको प्रारम्भिक आवेदन**

- जुलाई 16, 2021 मा, टेक्सास संघीय अदालतका न्यायाधीश हानेनले DACA एक कानूनी कार्यक्रम होइन भनेर एउटा निर्णय जारी गर्नुभयो। त्यो निर्णयले DHS लाई कुनै पनि नयाँ पहिलो पटकको DACA आवेदनहरूलाई स्वीकृत गर्नबाट रोक्छ। अहिलेको लागि, DHS ले DACA नवीकरण आवेदनहरू स्वीकृत गर्न जारी राख्न सक्छ।
  - यदि तपाईंसँग अहिले DACA भएमा, तपाईंको स्थिति अझै पनि मान्य छ।
  - यदि तपाईंको DACA चाँडै समाप्त हुँदैछ भने, अहिल्यै नवीकरण गर्नुहोस्!
  - यदि तपाईंले USCIS लाई पहिलो पटक प्रारम्भिक DACA आवेदन पेस गर्नुभएको थियो र अहिलेसम्म प्रदान नगरिएको भएमा, त्यो आवेदन रोकिएको छ। यसलाई अर्को सूचना नभएसम्म प्रशोधन गरिने छैन।
- मुद्दा चलिरहेको छ, त्यसैले कार्यक्रममा थप परिवर्तन हुने सम्भावना छ।

**नयाँ वर्गीय कार्य सम्झौताले ICE लाई गैरकानूनी गिरफ्तार गर्नबाट रोक्नेछ**

- इलिनोइसको संघीय अदालतले हालै अध्यागमन र भन्सार प्रवर्तन (ICE) लाई गैरकानूनी गिरफ्तारीहरू सञ्चालन गर्नबाट रोक्ने एउटा मुद्दामा अन्तिम सम्झौता स्वीकृत गरेको छ।
- कास्टानोन नाभा (Castanon Nava) विरुद्ध ICE को निर्णयले एजेन्सीलाई वारेन्ट रहित गिरफ्तारी सम्बन्धी नयाँ नीतिहरू अपनाउन, आफ्ना अधिकृतहरूलाई राखिराख्न, र सम्झौता उल्लङ्घन भएको खण्डमा मानिसहरूलाई हिरासतबाट मुक्त गर्न आदेश दिनेछ। समझौताको सहमति राष्ट्रिय रूपमा बाध्यकारी छ।

# आप्रवास 2/2



**अस्थायी संरक्षित स्थितिको अपडेटहरू**

- बाइडेन प्रशासनले हालै सुडान, युक्रेन र अफगानिस्तानका नागरिकहरूको लागि TPS को घोषणा गरेको छ।
  - मार्च 2, 2022 मा, डिपार्टमेन्ट अफ होमल्यान्ड सेक्युरिटी (DHS) ले 18 महिनासम्म TPS को लागि सुडानको नाम घोषणा गरेको छ।
  - मार्च 3, 2022 मा, DHS ले 18 महिनासम्म TPS को लागि युक्रेनको नाम घोषणा गरेको छ।
  - मार्च 16, 2022 मा, DHS ले 18 महिनासम्म TPS को लागि अफगानिस्तानको नाम घोषणा गरेको छ।
- बिडेन प्रशासनले भर्खरै भेनेजुएला, बर्मा/म्यानमार, र हैटीका नागरिकहरूको लागि TPS को घोषणा गरेको छ।
  - व्यक्तिहरूले सेप्टेम्बर 9, 2022 सम्म भेनेजुएला TPS को लागि आवेदन दिन सक्छन्।
  - व्यक्तिहरूले नोभेम्बर 25, 2022 सम्म बर्मेली TPS को लागि आवेदन दिन सक्छन्।
  - व्यक्तिहरूले फेब्रुवरी 3, 2023 सम्म हाईटियन TPS को लागि आवेदन दिन सक्छन्
- DHS ले सोमालियाको लागि मार्च 17, 2023 सम्म TPS लाई विस्तार र पुनः डिजाइन गरेको छ।
- DHS ले यमनको लागि मार्च 3, 2023 सम्म TPS लाई विस्तार र पुनः डिजाइन गरेको छ।
- दक्षिण सुडानको लागि नोभेम्बर 3, 2023 सम्म TPS विस्तार गरिएको छ।
- DHS ले TPS सँग सम्बन्धित कागजातहरूको वैधता एल साल्भाडोर, हैती, निकारागुआ, सुडान, होन्डुरस, र नेपालको लागि तोकेको TPS अन्तर्गत हालको समाप्ति मिति अक्टोबर 4, 2021 बाट डिसेम्बर 31, 2022 सम्म स्वचालित रूपमा विस्तार गरेको छ।
- DHS ले सिरियाको लागि सेप्टेम्बर 30, 2022 सम्म TPS लाई विस्तार र पुनःतोकेको को छ।
- सबै TPS आवेदकहरूले अब फारम I-821, अस्थायी संरक्षित स्थितिको लागि आवेदन, uscis.gov/i-821 मा अनलाइन फाइल गर्न सक्छन्।
- नवीनतम अपडेटको लागि uscis.gov/TPS मा जाँच गर्नुहोस्।

**नयाँ प्रवर्तनको प्राथमिकताहरूले ICE ले कसलाई लक्ष्य बनाउनेछ भन्ने कुरा सीमित गर्छ**

- सेप्टेम्बर 30, 2021 मा, डिपार्टमेन्ट अफ होमल्याण्ड सेक्युरिटी (DHS) ले गिरफ्तारी र हिरासत सहित अध्यागमन कार्यान्वयनको लागि नयाँ निर्देशन जारी गर्‍यो: ice.gov/doclib/news/guidelines-civilimmigrationlaw.pdf
  - यो ज्ञापनपत्र आधिकारिक रूपमा नोभेम्बर 29, 2021 देखि लागू हुनेछ।
- तपाईं आफ्नो वकीललाई तपाईंको मुद्दामा तोकिएको सरकारी वकीलसँग अभियोजनको विवेकको सम्भावनाको खोजी गर्नलाई भन्न सक्नुहुन्छ। यदि तपाईंसँग आफ्नो मुद्दामा कानुनी प्रतिनिधित्व नभएमा, तपाईं आफ्नो सुनुवाईमा सरकारी वकिललाई तपाईं अभियोजनको विवेकको लागि योग्य हुनुहुन्छ कि भनेर सोध्न सक्नुहुन्छ। तपाईंले एकजना वकील प्राप्त गर्न सक्नुहुन्छ कि भनेर कानूनी परामर्श प्राप्त गर्नको लागि :
  - NYS निवासीहरू: 1-800-566-7636 मा नयाँ अमेरिकी हटलाइनको कार्यालयमा कल गर्नुहोस्
  - NYS निवासीहरू: 311 मा कल गरेर शहर अनुदान, निःशुल्क र सुरक्षित कानूनी मद्दतको लागि “ActionNYC” भन्नुहोस्

**विशेष आप्रवासी किशोरकिशोरीको स्थिति (SIJS) भएका आप्रवासी युवाहरूको लागि सुरक्षा**

- मार्च 7, 2022 मा, बाइडेन प्रशासनले नयाँ नीतिहरू घोषणा गरेको छ जसले SIJS योग्यताका मापदण्डहरू स्पष्ट पार्छ, जस्तै 21 वर्ष पुगेका याचिकाकर्ताहरूलाई उनीहरूको याचिका विचाराधीन अवस्थामा सुरक्षा गर्नको लागि उमेर समाप्तिको प्रावधान अपडेट गर्ने। यो नियम दुर्व्यवहार, परित्याग, र उपेक्षित गरिएका आप्रवासी युवाहरूको लागि सुरक्षा र स्थिरता प्रदान गर्ने एउटा महत्वपूर्ण कदम हो, जसमध्ये धेरैलाई पहिले नै SIJS प्रदान गरिएको छ र ग्रीन कार्डको लागि आवेदन दिन र स्थायी बसोबास प्राप्त गर्न योग्य हुन पर्खिरहेका छन्। अन्तिम नियम यहाँ उपलब्ध छ: federalregister.gov/d/2022-04698
- USCIS ले SIJS भिसा ब्याकलगबाट प्रभावित युवाहरूलाई मामिलाहरूको आधारमा निर्वासन (deportation) र वर्क परमिटबाट सुरक्षा गर्ने विचार प्रदान गर्नका लागि आफ्ना नीतिहरू पनि अपडेट गरेको छ । थप जानकारी: uscis.gov/newsroom/alerts/uscis-to-offer-deferred-action-for-special-immigrant-juveniles

# शिक्षा 1/2

**विद्यालय वर्ष 2021-22**

- न्यूयोर्क राज्य शिक्षा विभाग (NYSED) ले रिजेन्ट्स जाँचहरू जुन 2022 र अगस्त 2022 मा सञ्चालन गरिने घोषणा गरेको छ।
- NYSED र रिजेन्ट्सको बोर्डले जुन 2020, अगस्त 2020, जनवरी 2021, जुन 2021, अगस्ट 2021 र जनवरी 2022 मा रीजेन्ट्स परीक्षाहरूमा COVID-19 छुटहरू स्वीकृत गरेको छ। यदि कुनै विद्यार्थीले COVID-19 जाँचको छुट प्राप्त गरेमा, उनीहरूले उत्तीर्ण हुनको लागि त्यो जाँचमा सहभागी / पुन: सहभागी हुनु पर्दैन। अहिले, जुन 2022 वा अगस्त 2022 जाँचहरूको लागि कुनै पनि COVID-19 छुटहरू स्वीकृत गरिएको छैन।
    - COVID-19 छुटहरूको बारेमा थप विवरणहरूको लागि, बच्चाहरूको लागि अधिवक्ताहरू "COVID-19 को कारण उत्तीर्णका आवश्यकताहरूमा परिवर्तनहरूको सारांश" हेर्नुहोस्।
    - विद्यार्थीहरूको रिजेन्ट्स जाँचका अधिकारहरूको बारेमा थप विवरणहरूको लागि, बच्चाहरूको लागि अधिवक्ताहरू "रिजेन्ट्स जाँचका अधिकारहरू" हेर्नुहोस्।
    - advocatesforchildren.org/get_help/guides_and_resources/transition मा जानकारी धेरै भाषाहरूमा उपलब्ध छ
- न्यूयोर्क राज्यले स्थानीय जिल्लाहरूलाई मास्क वैकल्पिक बनाउने निर्णय गर्न अनुमति दिंदै यसको स्कूलमा मास्कको जनादेश हटाएको छ।




- न्यूयोर्क शहरको 2022 ग्रीष्मकालीन कार्यक्रमहरू
    - NYC ले ग्रीष्मकालीन कार्यक्रम विकल्प चाहने K-8 विद्यार्थीहरूलाई फेरि समर राइजिङ (Summer Rising) प्रस्ताव गर्नेछ। कार्यक्रममा बिहान एक शैक्षिक कम्पोनेन्ट र दिउँसो फिल्ड ट्रीपहरू, चित्रकला गतिविधिहरू, र बाहिरी मनोरञ्जन सहित समृद्धि समावेश हुनेछ। कार्यक्रम बिहान 8 बजे देखि दिनलाई बेलुका 6 बजेसम्म लम्ब्याउने विकल्प सहित दिउँसो 3 बजेसम्म चल्नेछ।
    - हाई स्कूलका विद्यार्थीहरूका लागि, NYC ले 14-24 वर्षका करिब 100,000 न्यूयोर्कवासीहरूलाई रोजगारी र इन्टर्नशीपहरू उपलब्ध गराउने लक्ष्य राख्दै ग्रीष्मकालीन युवा रोजगार कार्यक्रम विस्तार गरिरहेको छ।
    - थप जानकारीको लागि schools.nyc.gov/enrollment/summer मा जानुहोस् । कार्यक्रममा नामाङ्कन अप्रिलमा खुल्नेछ ।

**समर आर्ट्स अवसर**

- न्यूयोर्क राज्यको आर्ट्सको समर स्कूल (New York State Summer School of the Arts, NYSSSA) ले हाई स्कूलका विद्यार्थीहरूलाई समर 2022 को लागि अन्य क्षेत्रीय समर आर्ट्स कार्यक्रमहरूमा भाग लिनको लागि छात्रवृत्तिका अवसरहरूमा कूल $150,000 प्रस्ताव गर्नेछ।
- छात्रवृत्ति कार्यक्रमको लक्ष्य कम आय भएका विद्यार्थीहरूलाई समर शिक्षाका अवसरहरू पछ्याउँदै आवश्यकतामा आधारित अनुदान प्रदान गरेर आर्ट्स शिक्षामा पहुँच र समानतालाई प्रवर्धन गर्नु हो।
- छात्रवृत्ति आवेदनले वित्तीय आवश्यकताको मूल्याङ्कन गर्नेछ र अडिशन वा पोर्टफोलियो घटकलाई समावेश गर्ने छैन।
- विद्यार्थीहरूले मे 1, 2022 सम्म अनलाइन आवेदन दिन सक्छन् । थप जानकारी NYSSSA को वेबसाइट oce.nysed.gov/nysssa मा उपलब्ध छ।

# शिक्षा 2/2

**अंग्रेजी सिक्ने विद्यार्थीहरूको परिवारको लागि संसाधनहरू**

- अंग्रेजी भाषाका शिक्षार्थीहरू (ELLs) लाई राम्रोसँग सेवा दिइरहेको सुनिश्चित गर्नको लागि सूचित भइरहनु महत्वपूर्ण छ। न्यूयोर्क राज्य शिक्षा विभागले अंग्रेजी भाषा शिक्षार्थीका अभिभावकहरूको अधिकारको मस्यौदा बनाएको छ जसले ELLs र उनीहरूका अभिभावकहरूको लागि शैक्षिक पहुँच र प्रोग्रामिंगको बारेमा महत्वपूर्ण अधिकारको सारांश प्रस्तुत गर्छ: bit.ly/3EJd0Td
    - जानकारी अरबी, बंगाली, चिनियाँ (सरलीकृत), चिनियाँ (परम्परागत), अंग्रेजी, फ्रेन्च, हैतीयन क्रियोल, करेन, नेपाली, रूसी, स्पेनिश, यूक्रेनी, र उर्दूमा उपलब्ध छ।
    - यदि तपाईंसँग प्रश्न वा चिन्ताहरू भएमा तपाईं ELL अभिभावक हटलाइनलाई 800-469-8224 मा फोन गर्न सक्नुहुन्छ।

**कलेज वित्तीय सहायता र NYS DREAM ऐन**

- कलेजको लागि पैसा चाहिन्छ ? तपाईंको पहिलो चरण संघीय विद्यार्थी सहायता (FAFSA) को लागि संघीय सरकारको नि:शुल्क आवेदन भर्नु हो । अब शुरु गर्ने समय हो : केही संघीय र राज्य पैसा पहिले आउनेलाई पहिलो सेवामा हुन्छ। studentaid.gov/FAFSA मा आवेदन दिनुहोस्।
- न्यूयोर्क शहरका हाई स्कूलका विद्यार्थीहरू र परिवारहरूका प्रायः बारम्बार प्रश्नहरूको जवाफ दिने नयाँ वेबसाइट UnderstandingFAFSA.org मा सहयोग प्राप्त गर्नुहोस् । हाई स्कूलका विद्यार्थीहरूको लागि नि:शुल्क FAFSA गाइड दशवटा भाषाहरूमा उपलब्ध छन्।
- सिनेटर जोसे पेराल्टा न्यूयोर्क राज्य ड्रीम कानूनले दस्तावेज नगरिएका र अन्य विद्यार्थीहरूलाई उनीहरूको उच्च शिक्षाका खर्चहरूलाई सहयोग गर्ने NYS द्वारा प्रशासित अनुदान र छात्रवृत्तिमा पहुँच प्रदान गर्छ।
    - थप जानकारीको लागि वा निवेदन दिनको लागि hesc.ny.gov/dream मा जानुहोस्

**कागजातविहीन विद्यार्थीहरूको लागि कलेजमा पहुँचको संसाधनहरू**

- कागजात नभएका हाई स्कूल र कलेजका विद्यार्थीहरूलाई उनीहरूको भविष्यको बारेमा सूचित निर्णय गर्नको लागि, र DACA भएका र नभएका दुबैलाई आफ्नो लागि वकालत गर्नको लागि आवश्यक उपकरणहरू प्राप्त गर्नको लागि सूचित आप्रवासीको नयाँ गाइडले संसाधन र जानकारी प्रदान गर्दछ: informedimmigrant.com/guides/students
- बेस्ट कलेजस् ले हालै DACA र कागजात नभएको विद्यार्थीहरूको लागि हालको सबैभन्दा ताजा अपडेटको आधारमा कलेज गाइड प्रकाशन गरेको छ : bestcolleges.com/resources/undocumented-students/college-guide





# प्रजातन्त्र



**स्कूल बोर्डको चुनाव: मे 17, 2022**

- निम्नलाई मतदान गर्नुहोस्: प्रतिनिधिहरू र तपाईंको स्कूल जिल्लाको बजेट (K-8, K-12, र केन्द्रीय हाई स्कूल प्रणालीहरू समावेश छन्)।
- बफेलो, न्यूयोर्क सिटी, रोचेस्टर, सिराक्यूज र योन्कर्स बाहेक सबै जिल्लाहरूमा चुनाव हुनेछ।
- स्कूल बोर्डको चुनावमा मतदान गर्न दर्ता गर्ने अन्तिम मिति मे 10, 2022 हो।
- स्कूल वा स्कूल जिल्ला फाइन्डर : nces.ed.gov/ccd/schoolmap
  - आफ्नो स्कूल वा स्कूल जिल्ला पत्ता लगाउनुहोस् त्यसपछि तिनीहरूको वेबसाइटमा जानुहोस् वा थप जानकारीको लागि फोन गर्नुहोस्।

**प्राथमिक निर्वाचन : जुन 28, 2022**

- निम्नलाई मतदान गर्नुहोस् : गभर्नर, लेफ्टिनेन्ट गभर्नर, महान्यायाधिवक्ता, राज्य नियन्त्रक, राज्य सिनेट, राज्य सभा, अमेरिकी सिनेट, अमेरिकी प्रतिनिधि।
- तपाईंले पत्र मार्फत वा व्यक्तिगत रूपमा (चाँडो वा चुनावको दिनमा) मतदान गर्न सक्नुहुन्छ।
- प्राथमिक निर्वाचनमा मतदान गर्न दर्ता गर्ने अन्तिम मिति जुन 3, 2022 हो।

**इन्ट्रो 1867 - हाम्रो शहर हाम्रो भोट (न्यूयोर्क सिटी)**

- न्यूयोर्क सिटी काउन्सिल (New York City Council) ले लगभग 900,000 कानूनी स्थायी बासिन्दाहरू र NYC मा बस्ने काम गर्ने अधिकार भएकाहरूको मतदान अधिकार विस्तार गर्न कानून पारित गरेको छ। इन्ट्रो 1867 को रूपमा चिनिने मस्यौदा, जनवरी 2022 मा मेयर एरिक एडम्स (Mayor Eric Adams) द्वारा कानूनी रूपमा हस्ताक्षर गरिएको थियो।
- 2023 देखि शुरु हुने गरि, मानिसहरूले न्यूयोर्क सिटीका कार्यालयहरू (सिटी काउन्सिल, मेयर, सरकारी वकिल, नियन्त्रक सहित) र मतपत्र पहलहरूका लागि नगरपालिकाको चुनावमा मतदान गर्न सक्नेछन्।
- योग्य व्यक्तिहरूले 2022 को अन्त्यमा मतदान गर्न दर्ता गर्न सक्नेछन् ।
- यो प्रदेश वा संघीय चुनावमा लागू हुँदैन।
- थप जानकारीको लागि, ourcityyourvote.org मा जानुहोस्।

**मतदान दिनको लागि दर्ता गर्नुहोस्**

- यदि तपाईं 16+ वर्षको, अमेरिकी नागरिक र चुनाव भन्दा कम्तिमा 30 दिन अघि NY को निवासी हुनुहुन्छ भने मतदान गर्न दर्ता गर्न सक्नुहुन्छ।
  - यदि तपाईं 16 वा 17 वर्षको हुनुहुन्छ भने, तपाईं मतदान गर्न पूर्व-दर्ता गर्न सक्नुहुन्छ तर 18 वर्षको उमेर सम्म मतदान गर्न सक्नुहुन्न।
  - यदि तपाईं कुनै अपराधको सजायको लागि जेलमा हुनुहुन्छ वा अदालतले मानसिक रूपमा असक्षम ठहर्‍याइनुभएको छ भने तपाईंले मतदान गर्नको लागि दर्ता गर्न सक्नुहुन्न।
- चुनावहरूको NYS बोर्ड: www.elections.ny.gov/VotingRegister.html
- चुनावहरूको NYC बोर्ड: vote.nyc/page/register-vote
- अनलाइन दर्ता गर्नुहोस् (तपाईंसँग NYS चालक इजाजतपत्र, अनुमति वा गैर-चालक आइडी भएमा): voterreg.dmv.ny.gov/MotorVoter
- फोनद्वारा कागजी दर्ता फारम अनुरोध गर्नुहोस् (अंग्रेजी वा स्पेनिशमा उपलब्ध छ): 1-800-FOR VOTE (1-800-367-8683)
- तपाईं मतदान गर्नको लागि दर्ता हुनुभएको छ कि छैन भन्ने निश्चित छैन? voterlookup.elections.ny.gov मा आफ्नो मतदाता दर्ता स्थिति जाँच गर्नुहोस्

**चुनावहरूमा तपाईंको अधिकारहरू**

- मतदाताहरू न्यूयोर्क सिटीमा बाहेक आफू बसोबास गर्ने र मतदाताहरूलाई एउटा प्रारम्भिक मतदान साइटमा ठेगानाबाट निर्दिष्ट गरिने काउण्टीमा रहेको कुनै पनि प्रारम्भिक मतदान केन्द्रहरूमा उहाँहरू जान सक्नुहुन्छ।
- यदि तपाईं आफू मतदानको लागि योग्य हुनुहुन्छ भन्ने विश्वास गर्नुहुन्छ र मतदानको लागि समयमै दर्ता गर्नुभएको छ, तर तपाईंको नाम मतदाता नामावलीमा फेला पार्न नसकिएमा, तपाईंले अस्थायी वा शपथपत्रको लागि अनुरोध गर्न सक्नुहुन्छ।
- तपाईं पहिलो पटक मतदाता भएतापनि तपाईंसँग पोलहरूमा उपस्थित आइडी हुँदैन।
- तपाईं घरबारविहीनता अनुभव गर्दै हुनुहुन्छ भने तपाईं अझैपनि मतदान गर्न सक्नुहुन्छ।
- केही परिस्थितिहरूमा, तपाईंलाई अपराधि मानिएको छ भने तपाईं अझैपनि मतदान गर्न योग्य हुन सक्नुहुन्छ।
- थप योग्यता आवश्यकताहरूको लागि: nyccfb.info/nyc-votes/how-to-vote/know-your-rights
- न्यूयोर्क राज्यमा केही कर्मचारीहरू मतदान गर्नको लागि दुई घण्टासम्म सशुल्क समयको बिदा पाउन योग्य छन्। तपाईं योग्य हुनुहुन्छ कि भनेर हेर्नको लागि जाँच गर्नुहोस् : www.elections.ny.gov/NYSBOE/elections/TimeOffToVoteFAQ.pdf

# अर्थव्यवस्था



**2022 मा तपाईंको कर फाइल गर्ने**

- COVID-19 महामारी र त्यसको परिणाम स्वरूप आर्थिक प्रभावको प्रतिक्रियामा, कंग्रेसले करका लाभहरूलाई विस्तार गरेको छ जसले तपाईंको कर फिर्ता मार्फत प्राप्त हुने रकम बढाउन सक्छ। तपाईंले 2021 मा बच्चाको कर क्रेडिट सहित केही उन्नत भुक्तानीहरू प्राप्त गर्नुभएको हुनसक्छ, तपाईंले 2022 मा कर फिर्ता फाइल गर्दा अन्य लाभहरूमा पहुँच गर्न योग्य हुन सक्नुहुन्छ। www.consumerfinance.gov/coronavirus/managing-your-finances/guide-filing-taxes-2022 मा पूरा गाइड हेर्नुहोस्।
- बच्चाको कर क्रेडिट (CTC)
  - 2021 मा, यो लाभ बढेको थियो, र क्रेडिटको एक भाग वर्ष भरि अग्रिम भुक्तानीको रूपमा धेरै परिवारहरूलाई पठाइएको थियो। 2021 को लागि CTC पूर्ण रूपमा फिर्ता योग्य छ, अर्थात् यदि तपाईंले कुनै पनि कर तिर्न बाँकी छैन भने तपाईंले आफ्नो कर फिर्ताको भागको रूपमा योग्य भएको पूरा रकम प्राप्त गर्नुहुनेछ।
  - तपाईंले 0 देखि 5 वर्षका प्रत्येक बच्चाको लागि $3,600 सम्म र 6 देखि 17 वर्ष उमेरका प्रत्येक बच्चाको लागि $3,000 सम्म प्राप्त गर्न योग्य हुन सक्नुहुन्छ।
- बच्चा र आश्रितको हेरचाह क्रेडिट (CDCC)
  - 2021 मा, यदि तपाईंले काम गर्दा वा सक्रिय रूपमा कामको खोजी गर्दा बच्चाको स्याहारमा खर्चमा पैसा खर्च गर्नुभएमा, तपाईंको बच्चाको स्याहार खर्चको बढी भाग फिर्ता गर्न सकिन्छ।
  - उदाहरणको लागि, 13 वर्ष मुनिका बच्चाहरू वा अन्य योग्य आश्रितहरू भएको परिवारले 2021 मा उनीहरूको बच्चाको स्याहार खर्चको 50 प्रतिशत (35% बाट बढेको) एक निश्चित रकमसम्म प्राप्त गर्न सक्नेछ।
- कमाएको आयकर क्रेडिट (EITC)
  - 2021 मा, EITC को अधिकतम रकम बढेको थियो, र धेरै मानिसहरू क्रेडिटको लागि आवेदन दिन योग्य भए। 2021 कर वर्षको लागि, यदि तपाईंको 2019 को आम्दानी तपाईंको 2021 को आम्दानी भन्दा बढी तर EITC को अधिकतम आम्दानी भन्दा कम भएमा — तपाईंको लाभ गणना गर्नको लागि प्रयोग गर्न सक्नुहुन्छ।
  - नोट: EITC दावी गर्नको लागि रिटर्न फाइल गर्ने व्यक्ति र सबै आश्रित बच्चाहरूसँग मान्य SSN हुनुपर्छ।
- 2021 को आर्थिक प्रभाव भुक्तानीहरू
  - धेरै अमेरिकीहरूले 2021 मा $1,400 को आर्थिक प्रभाव भुक्तानी (EIP) प्राप्त गरेका छन्। यदि तपाईंले हालैको EIP प्राप्त नगर्नुभएमा, तपाईंले आफ्नो 2021 को कर फिर्ता फाइल गर्दा यो दाबी गर्न सक्नुहुन्छ।
  - नोट : ITIN धारकहरू EIP को लागि योग्य छैनन्, तर यो वैध SSN भएका परिवारका सबै सदस्य वा आश्रितहरूका लागि दाबी गर्न सकिन्छ।
- आपतकालीन भाडा सहयोग (ERA) भुक्तानीहरू
  - यदि तपाईंले 2021 मा भाडा, उपयोगिताहरू, वा घरको ऊर्जा खर्चहरू कभर गर्नको लागि ERA भुक्तानीहरू प्राप्त गर्नुभएमा यी भुक्तानीहरूलाई कर योग्य आय मानिने छैन र तपाईंको कर फिर्तामा घोषणा गर्नु पर्दैन।
- तपाईंले IRS द्वारा प्रमाणित स्वयंसेवकहरूद्वारा स्वयंसेवक आयकर सहयोग (VITA) वा वृद्धको लागि कर परामर्श (TCE) स्थानमा नि:शुल्क कर तयारी सहयोग प्राप्त गर्न सक्नुहुन्छ यदि:
  - तपाईंको आम्दानी $58,000 वा कम छ
  - तपाईं 60 वर्ष वा बढी उमेरको हुनुहुन्छ, वा
  - तपाईंसँग असक्षमता छ वा सीमित अंग्रेजी बोल्नुहुन्छ
  - getyourrefund.org मा अनलाइन VITA सहयोग पाउनुहोस्
  - irs.treasury.gov/freetaxprep मा आफ्नो नजिकको व्यक्तिगत VITA वा TCE साइट पाउनुहोस्।
- तपाईंको कर फिर्ता फाइल गर्ने वा विस्तार अनुरोध गर्ने अन्तिम मिति अप्रिल 18, 2022 हो।
- स्क्यामहरूबाट सतर्क हुनुहोस्! IRS (र अन्य सरकारी एजेन्सीहरू) ले तपाईंको व्यक्तिगत वा आर्थिक जानकारीको लागि सामाजिक सञ्जालमा कहिल्यै पनि टेक्स्ट, इमेल वा सम्पर्क गर्दैन।

# आफ्ना अधिकारहरू थाहा पाउनुहोस्



**समुदायका सदस्यहरू र सहयोगीहरू अध्यागमन र भन्सार प्रवर्तन (ICE), सीमा गस्ती, वा अन्य कानून प्रवर्तनसँग व्यवहार गर्दा आफ्ना अधिकारहरूको बारेमा सचेत हुनुपर्छ।**

**ICE सँग अन्तरक्रिया गर्दै**

- शान्त रहनुहोस्। नदौडनुहोस्। अधिकृतको विरोध वा अवरोध नगर्नुहोस्।
- झूट नबोल्नुहोस् वा झूटा कागजातहरू प्रदान नगर्नुहोस्।
- तपाईंलाई मौन बस्ने अधिकार छ। तपाईंले भन्नु भएको कुनै पनि कुरा तपाईंको विरुद्धमा प्रयोग हुन सक्छ।
- यदि कुनै एजेन्टले तपाईंलाई वा तपाईंको सामानहरू जाँच गर्नको लागि सोधेमा, तपाईंसँग हुँदैन भन्ने अधिकार छ।
    - तर, तपाईंले शारीरिक रूपमा प्रतिरोध गर्न सक्नुहुन्न।
    - प्रहरीले यदि हतियारको शंका गरेमा उनीहरूले तपाईंको लुगामा थपथपाउन सक्छन्।
- यदि तपाईं अमेरिकी नागरिक हुनुहुन्न र अध्यागमन एजेन्टले तपाईंको अध्यागमन कागजातहरूको अनुरोध गरेमा, तपाईंले यदि ती कागजातहरू तपाईंसँग छन् भने देखाउनुपर्छ।
- यदि तपाईंलाई कानून प्रवर्तनद्वारा रोकिएमा, हिरासतमा राखिएमा, वा उत्पीडन गरिएमा, एजेन्ट(हरू) को नाम, नम्बर, र पहिचान हुने अन्य कुनै जानकारी प्राप्त गर्ने प्रयास गर्नुहोस्।
- तपाईं वा समुदायमा अरू कसैले कानून प्रवर्तनसँग अन्तरक्रियाको भिडियो वा अडियो रेकर्डिङ लिन सक्नुहुन्छ। तिनीहरू गएपछि के भयो भनेर पनि तपाईंले लेख्न सक्नुहुन्छ।
- कानून प्रवर्तन अधिकृतहरूले तपाईंको जाति, राष्ट्रिय मूल, धर्म, लिङ्ग, वा जातिको आधारमा कुनै पनि रोक लगाउन, तलासी गर्न, हिरासतमा राख्न वा डिपोट गर्न अवैध छ।

**तपाईले संघीय एजेन्टहरूसँगको अन्तरक्रियालाई आप्रवासी रक्षा परियोजना (IDP) मा रिपोर्ट गर्न सक्नुहुन्छ।**

**IDP ले पक्राउमा परेका, टिकट पाएका, वा अपराधको आरोप लागेका आप्रवासीहरूलाई कानूनी जानकारी र रिफरलहरू पनि प्रदान गर्दछ। 212-725-6422 मा फोन गर्नुहोस् वा info@immdefense.org मा इमेल गर्नुहोस्।**

**निजी स्थानहरू**

- तपाईंको घर र अन्य "निजी स्थानहरू" (जस्तै कार्यस्थलको कर्मचारी-मात्र क्षेत्रहरू) ले सार्वजनिक स्थानहरूले दिन नसक्ने विशेष सुरक्षाहरू दिन्छ। अधिकृतहरूले तपाईंको सहमति भएमा वा उनीहरूले तपाईंलाई न्यायिक वारेन्ट (न्यायाधीशले हस्ताक्षर गरेको) देखाएमा मात्र निजी स्थानहरूमा प्रवेश गर्न सक्छन्।

**संरक्षित क्षेत्रहरू**

- अक्टोबर 27, 2021 मा, गृह सुरक्षा विभाग (Department of Homeland Security) ले एउटा नयाँ नीति जारी गरेको छ जसले "सुरक्षित क्षेत्रहरू" मा वा त्यसको नजिक ICE र CBP प्रवर्तन कार्यहरूलाई प्रतिबन्धित गर्दछ।
- संरक्षित क्षेत्रका उदाहरणहरू समावेश छन्, तर यसमा सीमित छैनन् : स्कूल र अन्य शैक्षिक संस्थाहरू वा समारोहहरू, स्वास्थ्य सेवा सुविधाहरू, पूजा गर्ने स्थानहरू, बच्चाहरू भेला हुने स्थानहरू, सामाजिक सेवाका स्थानहरू, विपद् वा आपतकालीन प्रतिक्रिया केन्द्रहरू, विवाह र अन्त्येष्टि जस्ता समारोहहरू, र परेड र जुलुस जस्ता सार्वजनिक प्रदर्शनहरू।
- न्यूयोर्क राज्यमा, संघीय अध्यागमन एजेन्टहरूले न्यायिक वारेन्ट बिना राज्य, शहर र नगरपालिका अदालतहरूमा त्यहाँ जान वा फर्कने मानिसहरूलाई पक्राउ गर्न सक्दैनन्।

**अध्यागमन ठगीबाट सचेत रहनुहोस्**

- अध्यागमन कानून जटिल छ। कृपया कुनै पनि व्यक्ति वा व्यवसायसँग आफ्नो अवस्थाको बारेमा छलफल गर्दा सावधान रहनुहोस्।
- तपाईंले आफ्नो अवस्थाको बारेमा कानुनी सल्लाहको लागि वकील वा न्याय विभाग (DOJ) को मान्यता प्राप्त प्रतिनिधिसँग मात्र कुरा गर्नुपर्छ।
- "नोटरियो", ट्राभल एजेन्ट, कर तयारीकर्ता, फारम तयारीकर्ता, वा नोटरीबाट कहिल्यै पनि अध्यागमन सहयोग नलिनुहोस्। अमेरिकामा, "नोटरियो" वकील होइन!

**यदि तपाईंलाई आफ्नो मुद्दामा सहयोग चाहिएमा वा सामान्य अध्यागमन प्रश्नहरू भएमा, नयाँ अमेरिकीहरू (New Americans) अफिसको हटलाइन 1-800-566-7636 मा फोन गर्नुहोस्।**

# घृणा अपराधहरू

**हालसालैका महिनाहरूमा, आप्रवासी समुदायका सदस्यहरू विरूद्ध घृणा अपराधका रिपोर्टहरू बढिरहेका छन्।**

**घृणा अपराध भनेको के हो?**

- घृणा अपराध भनेको पक्षपातद्वारा प्रेरित गरिने आक्रमण हो।
- संग्रह वा उनीहरूको जात, राष्ट्रिय मूल, वंश, लिङ्ग, धर्म धार्मिक अभ्यास, उमेर, असक्षमता वा यौन झुकावको कारणले पीडितलाई निशाना बनाएर निर्दिष्ट गरिएको अपराधको सेटमध्ये एउटा अपराध गर्दा वा उक्त प्रकारको संग्रह वा विश्वासको नतिजाको रूपमा त्यस्ता कार्य गर्दा व्यक्तिले घृणा अपराध गर्छ।
- गभर्नर Cuomo ले न्यूयोर्क राज्यभर पक्षपातद्वारा प्रेरित धम्कीहरू, उत्पीडन तथा हिंसाको रिपोर्टहरूका बढावलाई कम गर्नका लागि घृणा अपराधसम्बन्धी कार्य दलको सिर्जना गर्नुभएको छ।
- घृणा अपराधहरू रिपोर्ट गरिसकेपछि, तपाईंको अनुभव, पहिचान र अन्य सम्बन्धी सबै जानकारी गोप्य रहन्छ।

**तपाईंले केही कुरा देख्नुहुन्छ भने वा घृणा अपराधको पीडित हुनुहुन्छ भने, त्यसो बारेमा प्रहरी कहाँ रिपोर्ट गर्नुहोस् र NYS मानव अधिकार विभागलाई कल गर्नुहोस्। 1-888-392-3644 मा कल गर्नुहोस् वा 81336 लाई "HATE" टेक्स्ट गर्नुहोस्।**

**तपाईं वा तपाईंले चिन्नु भएको कुनै व्यक्ति अपराधको शिकार भएमा, NYS पीडित सेवाहरूको कार्यालयले चिकित्सा बिलहरू, परामर्श खर्चहरू, समाधि तथा क्रियाक्रमका लागतहरू, गुमेका ज्यालाहरू र अन्य प्रकारका सहायतामा मद्दत गर्न सक्षम हुनसक्छ। 1-800-247-8035 मा कल गर्नुहोस् वा ovs.ny.gov मा जानुहोस्।**


**NYC का निवासीहरू र वरिपरिका काउण्टीहरूका लागि**

NYC भित्र:

- सार्वजनिक अधिवक्ता
  - 212-669-7250
- Manhattan डिस्ट्रिक्टको वकील
  - 212-335-3100
  - manhattanda.org/victim-resources/hate-crimes
- Brooklyn डिस्ट्रिक्टको वकील
  - 718-250-4949
  - brooklynda.org/hate-crimes-bureau
- Queens डिस्ट्रिक्टको वकील
  - 718-286-6000
- NYC मानव अधिकार आयोग
  - 718-722-3131
  - nyc.gov/cchr
- Safe Horizon पीडित सहायता
  - 1-866-689-4357

NYC बाहिर:

- Nassau काउण्टी डिस्ट्रिक्टको वकील
  - 526-571-3505
  - nassauda.org
- Nassau काउण्टी डिस्ट्रिक्टको वकील, आप्रवासन मामिला कार्यालय
  - 516-571-7756
- Nassau काउण्टी कार्यकारी Laura Curran
  - 516-571-3131
- Suffolk काउण्टी डिस्ट्रिक्टको वकील
  - 631-853-4161
  - suffolkcountyny.gov/da
- Suffolk काउण्टी प्रहरी विभाग, घृणा अपराधहरूको यूनिट
  - 631-852-6323
- Suffolk काउण्टी, अल्पसङ्ख्यक मामिला विभाग
  - 631-853-4738
- Westchester काउण्टी, मानव अधिकार आयोग
  - 914-995-7710
  - humanrights.westchestergov.com



# NYS संसाधनहरू



### नयाँ अमेरिकीहरूका लागि NYS कार्यालय

- तपाईं वा तपाईंले चिन्नु भएको कुनै व्यक्तिलाई निःशुल्क कानूनी सहायताको आवश्यकता भएमा, हटलाइलाई 1-800-566-7636 मा कल गर्नुहोस्। सबै कलका जानकारी गोपनीय हुन्छन्। 200+ भाषाहरूमा सहायता उपलब्ध छन्।

### NYS स्वास्थ्य विभाग

- कोभिड-19 माहामारीको बारेमा नवीनतम जाकारीका लागि, हटलाइनलाई 1-888-364-3065 मा कल गर्नुहोस् वा ny.gov/coronavirus मा जानुहोस्।
- न्यूयोर्कमा कोभिड-19 खोपको बारे ny.gov/vaccine मा तथ्यहरू प्राप्त गर्नुहोस्।
- स्वास्थ्य कभरेजको लागि आवेदन दिनुहोस्: 1-855-355-5777 मा nystateofhealth.ny.gov जानुहोस्।

### NYS मानसिक स्वास्थ्य कार्यालय

- मानसिक स्वास्थ्य सेवाहरूका बारेमा प्रश्नहरूको लागि वा मानसिक स्वास्थ्य सेवा प्रदाय खोज्नका लागि, 1-800-597-8481 मा कल गर्नुहोस् वा omh.ny.gov मा जानुहोस्।
- तपाईंले कोरोनाभाइरस आपतकालीनको कारण व्यग्रता महसुस गर्नुभएको छ भने, 1-844-863-9314 मा सम्पर्क गर्नुहोस्।
- राष्ट्रिय आत्महत्या रोकथाम लाइफलाइनः तपाईं वा अन्य कुनै व्यक्तिको जीवनमा आसन्न खतरामा भएमा, 911 मा कल गर्नुहोस्। तपाईं संकटमा हुनुहुन्छ र तुरुन्तै मद्दतको आवश्यकता परेमा, 1-800-273-8255 मा कल गर्नुहोस् वा 741-741 लाई “GOT5” लेखेर टेक्स्ट गर्नुहोस्।
- घरेलु हिंसाः सम्बन्धमा हुने तपाईं वा अन्य कोहीलाई अर्को व्यक्तिद्वारा मौखिक, शारीरिक वा मौन दुर्व्यवहार वा अन्य रणनीतिमार्फत नियन्त्रित गरिएको छ भने, NYS घरेलु हिंसा हटलाइनलाई 1-800-942-6906 मा कल गर्नुहोस्।

### NYS श्रम विभाग

- श्रम विभाग कामदारहरूको सुरक्षा तथा स्वास्थ्य, ज्याला र कार्यको अवस्थाहरूको सुरक्षा गर्न र प्रवर्द्धन गर्न प्रतिबद्ध छ।
- ज्याला तथा काम गर्ने समयसम्बन्धी कानून, कार्यस्थलको स्वास्थ्य तथा सुरक्षाको बारेमा जानकारीका लागि वा उजुरी दायर गर्नका लागि, 1-888-469-7365 मा कल गर्नुहोस् वा dol.ny.gov/safety-and-health मा जानुहोस्।
- बेरोजगारी बीमामा मद्दतका लागि, 1-888-209-8124 मा कल गर्नुहोस् वा dol.ny.gov/unemployment/unemployment-insurance-assistance.

### NYS मानव अधिकार विभाग

- न्यूयोर्कमा मानव अधिकार कानूनले रोजगार, आवास, ऋण, शिक्षा जस्ता क्षेत्रहरूमा र सार्वजनिक आवासहरूको स्थान, उमेर, जात, राष्ट्रिय मूल, यौन, यौन झुकाव, लिङ पहिचान वा हावभाव, वैवाहिक स्थिति, असक्षमता, मिलिटरी स्थिति र अन्य कक्षाहरूमा भेदभावलाई निषेध गर्छ।
- तपाईंलाई भेदभाव गरिएको छ जस्तो महसुस हुन्छ भने, 1-888-392-3644 उजुरी दायर गर्नुहोस् वा dhr.ny.gov मा जानुहोस्।

### न्यूयोर्क सिटी कोभिड-19 संसाधनहरू

- सेवा प्रदायकहरू वा अन्य संसाधनहरू खोजिरहनुभएका NYC का निवासीहरूले निर्देशिकाहरू तल फेला पार्न सक्नुहुन्छः
  - शिक्षाः nyic.org/covid-education-resources
  - रोजगारीः nyic.org/covid-employment-resources
  - आर्थिकः nyic.org/covid-financial-resources
  - खाद्यान्नः nyic.org/covid-food-resources
  - स्वास्थ्यस्याहारः nyic.org/covid-healthcare-resources
  - साना व्यवसायः nyic.org/covid-small-business-resources

तपाईंसँग यस टुलकिटको बारेमा प्रश्न वा टिप्पणीहरू भएमा वा यसको बारेमा जानकारी भएमा, कृपया निम्नमा सम्पर्क गर्नुहोस्:

Bryan Lee
blee@nyic.org

यो कागजातलाई अनलाईन वा अन्य भाषाहरूमा हेर्नको लागि, nyic.org/KYR मा जानुहोस् वा यो कोडलाई स्क्यान गर्नुहोस्:

न्यूयोर्क इमिग्रेशन कोलिसन (NYIC) भनेको न्यूयोर्कभरको 200 भन्दा बढी आप्रवासी र शरणार्थीको अधिकार समूहहरूलाई प्रस्तुत गर्ने अम्ब्रेला नीति र वकालत संगठन हो।

हामी न्यू योर्क राज्य बलियो भएको कल्पना गर्छौं किनभने सबै मानिसलाई स्वागत,निष्पक्ष रूपमा उपचार, र उहाँहरूको सपनाहरू अनुसरण गर्ने मौका दिइयो। हाम्रो उद्देश्य भनेको आप्रवासी, सदस्य र सहयोगीहरूलाई एकताबद्ध गराउनु हो जसकारण सबै न्यूयोर्कवासीहरू सफल हुन सक्छन्।

NYIC

**New York Immigration Coalition**
131 W 33rd St, Ste 610
New York, NY 10001
212 627 2227
nyic.org

यो स्रोत गाइड द्वारा समर्थित छ: NEW YORK STATE Department of Health